# सानिमा माई हाइड्रोपावर लिमिटेड
# SANIMA MAI HYDROPOWER LIMITED

का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाण्डौ

## दशौं वार्षिक साधारण सभाको निर्णय विवरण(माइन्युट)
## (कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको मिति २०७८ साल कार्तिक ११ गते विहीबारका दिन सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न दशौं वार्षिक साधारणसभाबाट पारित देहाय बमोजिमका निर्णयहरु सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारिको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरूको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित संख्या ३१० भएको र कुल बाँडफाँड भएको शेयरको ५१.३४ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपुरक संख्या पुगेको व्यहोरा साधारण सभामा जानकारी गराईयो ।

सभामा शेयरधनी महानुभावहरू श्री डमरु वल्लभ घिमिरे, श्री चन्द्रनरायण श्रेष्ठ, श्री अमृतनाथ रेग्मी, श्री उद्धव प्रसाद घिमिरे, श्री शिव प्रसाद पौडल, श्री सत्रुघन श्रेष्ठ, श्री दामोदर प्रसाद रेग्मी, श्री विजय अचार्य, श्री कृष्ण प्रसाद अधिकारी र श्री उत्सव सुन्दर श्रेष्ठले आ-आफ्नो मन्तव्य तथा सुझावहरु राख्नु भएको थियो । शेयरधनीज्यूहरुको जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूको निर्देशन अनुसार कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाले स्पष्ट पार्दै जवाफ दिनु भएको थियो ।

**सभाबाट भएका निर्णयहरू :**

निर्णायार्थ दशौं वार्षिक साधारण सभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :

**(क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरु :**

१. सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरुका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्ने प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७८ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७७/७८ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरु पारित गरियो ।

३. कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०७८/७९ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था PKF T.R. Upadhya & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रु. १,८५,०००/-(अक्षरेपी एक लाख पचासी हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारीस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०७८/७९ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको कार्यकाल पुरा भएको हुँदा कम्पनीको यस दशौं वार्षिक साधारण सभाबाट शेयरधनीहरुको तर्फबाट २ जना सञ्चालकहरुको निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार २ जना मात्र शेयरधनीहरुबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरुको विरुद्धमा कुनै दावि विरोध समेत नपरेको हुँदा कायम तपसिलमा उल्लेखित उम्मेदवारहरु निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री विशाल घिमिरेले सभामा घोषणा गर्नु भयो ।

**तपसिल**

| *क्र. सं.* | *निर्वाचित सञ्चालकको नाम र ठेगाना* | *कैफियत* |
|---|---|---|
| १ | **श्री भरत कुरमार पोखरेल**<br>कल्लेरी - ९, खोटाङ्ग<br>हाल का.म.न.पा. ३१, काठमाण्डौ | शेयरधनी/पुनः नियुक्त |
| २ | **श्री हितमान गुरुङ्ग**<br>पोखरा - ६, कास्की | शेयरधनी/नव नियुक्त |

**(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरु**

१. कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७७/७८ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रु. २८ करोड ०८ लाख ४१ हजार बराबरको बोनस शेयर प्रदान गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस दशौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिमको कम्पनीको जारी तथा चुक्ता पूँजी रु. २,८०,८४,१०,०००/- (अक्षरेपी दुई अर्ब अस्सी करोड चौरासी लाख दश हजार रुपैयाँ मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ३,०८,९२,५१,०००/-(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार रुपैयाँ मात्र) गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

३. कम्पनीको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियममा निम्नानुसार संशोधन गर्ने ।

(क) प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) को सट्टा देहाय दफा ६(ख) र ६(ग) कायम गर्ने :

६(ख) कम्पनीको जारी पूँजी रु. ३,०८,९२,५१,०००/-(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ३,०८,९२,५१० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजी रु. ३,०८,९२,५१,०००/-(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार रुपैयाँ मात्र) हुनेछ ।

(ख) प्रबन्धपत्रको दफा ६ को (ङ) र (च) तथा दफा ८ को (ग) हटाउने ।

(ग) नियमावलीको नियम ३१ को उपनियम (१) को सट्टा देहाय ३१(१) कायम गर्ने :

३१(१) यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । जसमा शेयरधनीहरुको तर्फबाट मनोनित प्रकृया वा आपसी सहमति वा निर्वाचन प्रकृयाद्वारा नियुक्त ६(छ) जना र १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्नेछन् ।

यसै विशेष प्रस्ताव नं. ३ बमोजिमको कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने, दफा ६ को (ङ) र (च) तथा दफा ८ को (ग) हटाउने र नियमावलीको नियम ३१ को उपनियम (१) संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

४. कम्पनीको पूँजी वृद्धि र प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website:www.maihydro.com मा हेर्न तथा Download गर्न सकिनेछ ।)**